'कन्टिन्जेन्सी रकम खर्च गर्नेसम्बन्धी कार्यविधि' कार्यान्वयनमा

काठमाडौं(जस)-सरकारले निर्माण कार्यको अनुमगन, सुपरिवेक्षण, सञ्चालन तथा परामर्श सेवाका लागि आवश्यक पर्ने अस्थायी प्रकृतिको जनशक्ति व्यवस्थापनका लागि 'कन्टिन्जेन्सी रकम खर्च गर्नेसम्बन्धी कार्यविधि, २०८१' कार्यान्वयनमा ल्याएको छ । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्री दीपक खड्काले मन्त्रिस्तरीय निर्णयमार्फत सो कार्यविधि कार्यान्वयनमा ल्याएका हुन् । सो कार्यविधि यही मंसिर २ गते मन्त्रालयले स्वीकृत गरेको छ। मन्त्रालयका सहसचिव इन्दिरा दाहाल संयोजक रहेको एक कार्यदलले सो कार्यविधि तयार पारेको थियो ।

कार्यदलमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव मुना शर्मा, जलस्रोत तथा सिँचाइ विभागका उपसचिव विष्णुदेव यादव, विद्युत् विकास विभागका उपसचिव सुवर्ण खनाल, जल तथा मौसम विज्ञान विभागका उपसचिव निराजन सापकोटा सदस्य थिए । यस्तै, ऊर्जा मन्त्रालयको कानुन तथा फैसला कार्यान्वयन शाखाका उपसचिव खिमानन्द ज्ञवाली सदस्य सचिव रहेका थिए । सो कार्यदलले दिएको प्रतिवेदनका आधारमा कार्यविधि कार्यान्वयनमा ल्याइएको हो । कार्यविधिअनुसार विवाद समाधान, प्रोत्साहन, अध्ययन, अनुसन्धान तथा परामर्श, कार्यालयका लागि आवश्यक जनशक्ति व्यवस्थापन, मानव संशाधन विकासलगायतमा हुने खर्चलाई सहज बनाइनेछ ।

निर्माणसँग सम्बन्धित बोलपत्रको प्रस्तावको तयारी, सूचना प्रकाशन, इन्धन, स्टेशनरी, फर्निचर, टेलिफोन, विद्युत् तथा पानी महसुल, सवारी साधन, औजार तथा उपकरण खरिद वा भाडा, मर्मत सम्भारका लागि सहज हुनेछ । कन्टिन्जेन्सी रकम निर्माण, परामर्श, वस्तु खरिद र जडानको नियमित सुपरिवेक्षण तथा अनुगमन गर्ने प्रयोजनका लागि सवारी साधन, औजार तथा उपकरण खरिद गर्न कन्टिन्जेन्सी रकमको बढीमा २५ प्रतिशत रकम छुट्याई कार्यालयले विभागमा पठाउन सक्नेछ । सो रकमबाट सम्बन्धित विभाग वा कार्यालयले अर्थ मन्त्रालयको सहमति लिई सवारीसाधन खरिद गर्न सक्ने व्यवस्था गरिएको छ ।

उपकरण तथा सवारी साधन खरिदका लागि कार्यालय तथा विभाग मार्फत कूल कन्टिजेन्सी रकमको अधिकतम ४० प्रतिशतसम्म खर्च गर्न सकिने व्यवस्था कार्यविधिमा गरिएको छ । कार्यविधिले बढीमा रु २० लाखसम्म विनियोजित बजेट भएका धेरै योजनाहरु हुने बजेट उपशीर्षकहरुको हकमा कन्टिजेन्सी रकम खर्च गर्दा सम्बन्धित बजेट उपशीर्षकमा एकमुष्ट खर्च जनाउन सकिने प्रबन्ध गरेको छ। त्यस्तो एकमुष्ट खर्च रकमलाई समानुपातिक रुपमा बाँडफाँड गरी प्रत्येक ठेक्काको नापी किताबमा कन्टिजेन्सी खर्च प्रविष्ट गर्नुपर्नेछ ।

कार्यविधिअनुसार आयोजना सञ्चालन हुने क्षेत्रको भौगोलिक अवस्था, आयोजना क्षेत्र वरिपरि सोही आयोजनाले सञ्चालन गर्नुपर्ने अन्य आयोजनाहरु, कार्यको जटिलता तथा कार्यबोझ, सुपरिवेक्षकका लागि चाहिने योग्यता, प्राविधिक क्षमता, जनशक्तिको उपलब्धतालाई ध्यान दिएर लागत अनुमान तयार गर्नुपर्नेछ । कन्टिजेन्सी रकम खर्च गर्नेसम्बन्धी निर्देशिका, २०७७ बमोजिम भए गरेका काम कारवाहीलाई समेत कार्यविधि बमोजिम भएको मानिने छ ।

कन्टिजेन्सी रकम खर्च गर्दा मितव्ययी बन्नुपर्ने, खर्च रकमको अभिलेख अद्यावधिक गरी राख्नुपर्ने, प्रचलित कानुनको परिपालना गर्नुपर्ने कार्यविधिमा उल्लेख छ । विकास निर्माणलाई थप प्रभावकारी बनाउने र मन्त्रालय मातहतका आयोजनालाई थप गति दिने लक्ष्यका साथ सो कार्यविधि कार्यान्वयनमा ल्याइएको ऊर्जा मन्त्रालयले जनाएको छ ।

अन्नपूर्ण क्षेत्रमा एक महिनामै ३३ हजार बढी पर्यटक

गण्डकी(जस)-अन्नपूर्ण संरक्षण क्षेत्रमा गत कात्तिक महिनामा ३३ हजार तीन सय १० विदेशी पर्यटक भित्रिएका छन्।जसमध्ये दक्षिण एसियाली मुलुकका ११ हजार छ सय ७८ र अन्य मुलुकका २१ हजार छ सय ३२ पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) ले जनाएको छ ।

आयोजना प्रमुख डा रविन कडरियाका अनुसार गत साउनयता ८३ हजार ३१ विदेशी पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेका हुन् । गत वर्ष सोही अवधिमा ६७ हजार चार सय ४२ जना पर्यटकले 'एकयाप' को भ्रमण गरेका थिए । गत आवमा दुई लाख २२ हजार एक सय ८० पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेकामा चालु आवमा दुई लाख ५० हजारभन्दा बढी पर्यटक भित्रने अपेक्षा एक्यापको छ ।

गत असोजयता पर्यटकको आवागमन बढेको उनको भनाइ छ । असोजमा ३० हजार सात सय ३२ विदेशी पर्यटक उक्त क्षेत्र भ्रमणका लागि पुगेका थिए । जसमा एसियाली मुलुकका ११ हजार नौ सय ८५ र अन्य मुलुकका १८ हजार सात सय ४७ पर्यटक थिए । अन्नपूर्ण चक्रीय पदमार्ग आसपासका गन्तव्यस्थलमा पुग्ने विदेशी पर्यटकको संख्या गत वर्षभन्दा यसवर्ष बढेको एक्यापले जनाएको छ । अन्नपूर्ण चक्रीय पदमार्गमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरिएको छ । सडक र हवाई मार्ग भएर बर्सेनि उल्लेख्य संख्यामा आन्तरिक पर्यटक एक्यापका विभिन्न गन्तव्यस्थल पुग्ने गरेका छन् ।

हाल मुख्य पर्यटकीय याममा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानीलगायत अन्नपूर्ण फेरोमा पर्ने गन्तव्यस्थलमा आन्तरिक तथा बाह्य पर्यटकको बाक्लो चहलपहल देखिएको उनको भनाइ छ। दोस्रो मुख्य पर्यटकीययाम सुरु हुँदासम्ममा यो वर्षको पर्यटक आवागमन उल्लेख्य मात्रमा बढ्ने अनुमान गरिएको आयोजना प्रमुख कडरियाले बताए ।

सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्र पदयात्राका लागि आकर्षक गन्तव्य मानिन्छ ।पर्यटक पथप्रदर्शक दिवस गुरुङका अनुसार अन्नपूर्ण क्षेत्र प्राकृतिक सुन्दरता, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदि कारणले पर्यटकको रोजाइमा पर्ने गरेको हो । कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत जनसुकै मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दुरीको पदयात्रा गर्न सकिन्छ । आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, स्थानीयवासीको आतिथ्यता र सेवा सुविधाका हिसाबले अन्नपूर्ण चक्रीय पदमार्ग घुमफिरका लागि उत्कृष्ट गन्तव्य मानिन्छ ।

आर्थिक वृद्धिमा नेपालले खासै प्रगति गर्न सकेन : सचिव मरासिनी

काठमाडौं(जस)-राष्ट्रिय योजना आयोगका सचिव मधुकुमार मरासिनीले नेपालले अति कम विकसित मुलुक (एलडीसी) को सूचीमा हुँदा पनि आर्थिक वृद्धिमा पर्याप्त प्रगति गर्न नसकेको बताएका छन्। सोमबार नेपाल उद्योग वाणिज्य महासंघद्वारा आयोजित 'एफएनसीसीआई इनोभेसन संवाद' कार्यक्रममा बोल्दै सचिव मरासिनीले एलडीसीबाट विकासशील मुलुकमा स्तरोन्नति हुने क्रममा नेपालले थुप्रै चुनौतीहरूको सामना गर्नुपर्ने बताएका हुन् ।

उनले एलडीसीका सूचीमा रहेका अन्य देशहरूले आर्थिक वृद्धिमा उल्लेखनीय फड्को मारेको चर्चा गर्दै नेपालले भने सोही समयमा खासै उपलब्धि हासिल गर्न नसकेको बताए । सचिव मरासिनीले भने, 'नेपाल अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा रूपान्तरणको तयारीमा छौं । तर, एलडीसीमा हुँदा पनि हामीले आर्थिक वृद्धिको क्षेत्रमा अपेक्षित प्रगति गर्न सकेनौं । अन्य मुलुकहरू आर्थिक रूपमा माथि पुगिसकेका छन्, तर नेपालले आय वृद्धिमा सुधार गर्न सकेन । अन्य दुई सूचकमा सुधार भएकाले मात्रै स्तरोन्नति सम्भव भएको हो । अब, पुनः एलडीसीमा नफर्न र दीर्घकालीन रूपमा अगाडि बढ्ने आधार तयार गर्न आवश्यक छ ।'

उनले मुलुकको व्यापार र नवीनतम उद्यमको विकासलाई स्तरोन्नतिको मुख्य आधारका रूपमा परिभाषित गरे। शिक्षा र स्वास्थ्यमा लगानी वृद्धि गर्दै निजी क्षेत्रलाई सहुलियत दिनुपर्नेमा उनले जोड दिए । साथै, युवाहरूलाई नवीन आविष्कारका लागि अवसरहरू प्रदान गर्न सरकारले नलेजवेस अर्थतन्त्रलाई प्रोत्साहन गर्नुपर्ने सुझाव दिए । सचिव मरासिनीले थपे, 'सरकारले शिक्षा र स्वास्थ्यमा लगानी गर्नुका साथै निजी क्षेत्रलाई सहुलियत दिनुपर्छ । व्यापार र नवीनतम उद्यमको विकास गरेर मात्रै मुलुकलाई दीर्घकालीन रूपमा समृद्ध बनाउन सकिन्छ ।'

बेनी नगरपालिकामा तीन सय योजना कार्यान्वयनमा

म्याग्दी(जस)-म्याग्दीको बेनी नगरपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ मा तीन सय तीन वटा पूर्वाधार सम्बन्धी योजना कार्यान्वयन गर्दैछ । गत असारको नगरसभाबाट छनौट भई बजेट बिनियोजन भएका वडास्तरीय दुई सय ७१ मध्य ४७ वटा सम्झौता र नगरस्तरीय ३२ मध्य आठ वटा ठेक्का प्रक्रीयामा रहेका नगरपालिकाले जनाएको छ । सडक, खानेपानी, सिचाई, पहिरो तथा नदी नियन्त्रण, भवन, खेलमैदान निर्माण सम्बन्धि योजना छनौट भएका छन् ।

वडा स्तरीय १७ वटा योजना सम्पन्न भएका प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले बताए। पाँच लाख सम्म बजेटका योजनाहरु वडा कार्यालयमै सम्झौता गर्ने व्यवस्था मिलाएको बेनी नगरपालिकाले १० वटा मध्य ७ र ८ नम्बर बाहेकका वडामा उपभोक्ता समिति गठन गरेर कार्यान्वयनका लागि अभिमुखीकरण गराएको छ ।

पूर्वाधार आयोजनाहरुका लागि रु. १२ करोड ४३ लाख २५ हजार बजेट बिनियोजन भएकोमा साउन देखि कात्तिक महिनासम्म रु. ४५ लाख ९६ हजार खर्च भएको प्रमुख प्रशासकीय अधिकृत शर्माले बताए । बेनी-अर्थुङ्गे तोरीपानी, बेनी-अर्थुङ्गे-पुलाचौर-भुतपानी, बेनी-लभ्लिहिल-ज्यामरुककोट, अर्थुङ्गे-पुलाचौर, महारानीथान-छाप डाडाखेत, बेनी-अुर्थङ्गे-तोरीपानी-पात्लेखेत सडक, खबरा र पुलाडाडा पुरुण्डी खानेपानी, रावण पार्क र जामुनाखर्क नमुना विद्यालय भवन बेनी नगरपालिकाको चालु आर्थिक वर्षमा सञ्चालित ठूला आयोजना हुन् ।

नेपाल सरकार
उद्योग मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेजी गरिएको सुचना

यस कार्यालयमा **मिति २०७८/०६/१८** मा दर्ता भएको प्रा.लि. नं. २७४४२९ को बुलिङटार एग्रीकल्चर प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८१/०७/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

Tripurasundari Rural Municipality
Office of the Rural Municipal Executive
Piskar, Sindhupalchok
Bagmati Province, Nepal

INVITATION FOR ELECTRONIC BIDS

Date of Publication : **2081/08/02 (17th Nov 2024)**

1. The **Tripurasundari Rural Municipality** invites following sealed Quotation from Nepalese eligible bidders. Only eligible bidders should participate in this bidding.
2. Eligible Bidders may obtain further information and inspect the Bidding document from PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Office Reserves the right to accept or reject any Bids without assigning any reason whatsoever. Other terms and conditions not covered here will be in accordance to PPA-063.

Contract ID No./Description	Bid Security Amount (NRS)	Last Date of Submission	Bid Opening Date
TSRM/SQ/GOODS/2081/082-01 (The Procurement Of Supply and Delivery Of Aayurvedic Medicines)	20,000	*14:30 Hrs* on *2081/08/17 (02nd Dec 2024)*	*15:30 Hrs* on *2081/08/17 (02nd Dec 2024)*
TSRM/SQ/GOODS/2081/082-02 (The Procurement Of Supply and Delivery Of Veterinary medicines)	18,000	*14:00 Hrs* on *2081/08/17 (02nd Dec 2024)*	*15:00 Hrs* on *2081/08/17 (02nd Dec 2024)*

Chief Administrative Officer

साउदीमा रोजगारीको अवसर

कम्पनी: Farm Food Foundation to Provide Meals **शहर** : RIYAD

पूर्व स्वीकृति मितिः २०८१-०८-२ च.नं: ६०२२८१९० L.T. No : 313715

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम	मासिक तलब		ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना बस्ने सुविधा सुविधा	करार अवधि
		पुरुष	महिला	योग्यता	SR	ने. रु.						
1	Kitchen Helper	2	0	स.काममा दक्ष	1000	३६,९६०/-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ११ देखि १२ गतेसम्म (26-27 November 2024) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. ३८०७ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

D.A.K. HR Solution Pvt. Ltd.
Baluwatar, Buddhisagar Marg, Near Russian Embassy, Kathmandu
Ph: 977-01-4547232, Email: dakhrsolution6@gmail.com
Licence No: 1705/081/082

युएई र साउदीमा रोजगारीको अवसर

१. कम्पनी: EXPLORER FOR EMPLOYMENT SERVICES -LLC **शहर** : Abu Dhabi

पूर्व स्वीकृति मितिः २०८१-०७-३ च.नं: ६०२२८२४१ L.T. No : 313827

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम	मासिक तलब		ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना बस्ने सुविधा सुविधा	करार अवधि
		पुरुष	महिला	योग्यता	AED	ने. रु.						
1	Carpenter	50	0	स.काममा दक्ष	1200	४४,०१६।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	२ वर्ष
2	Reinforcing Fitter Assistant	50	0	स.काममा दक्ष	1200	४४,०१६।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	२ वर्ष
3	Stone Mason	50	0	स.काममा दक्ष	1200	४४,०१६।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	२ वर्ष
4	CARPENTER ASSISTANT	50	0	स.काममा दक्ष	1200	४४,०१६।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	२ वर्ष

२.कम्पनी: Al-Kifah Precast Concrete Factory **शहर** : Dammam

पूर्व स्वीकृति मितिः २०८१-०८-२ च.नं: ६०२२८२८० L.T. No : 313807

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम	मासिक तलब		ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना बस्ने सुविधा सुविधा	करार अवधि
		पुरुष	महिला	योग्यता	SR	ने. रु.						
1	Constructing Worker	3	0	स.काममा दक्ष	1000	३६,९६०/-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	२ वर्ष

३. कम्पनी: Al-Kifah Precast Concrete Factory **शहर** : Dammam

पूर्व स्वीकृति मितिः २०८१-०७-३० च.नं: ६०२२८२३९ L.T. No : 313805

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम	मासिक तलब		ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना बस्ने सुविधा सुविधा	करार अवधि
		पुरुष	महिला	योग्यता	SR	ने. रु.						
1	Constructing Worker	2	0	स.काममा दक्ष	1000	३६,९६०/-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ११ गते (26 November 2024) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. ३८०७ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	कम्पनी १ : नि:शुल्क कम्पनी २ र ३: १०,०००-

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ४५६५४९४, मो. : ९८२३३२३५७७
E-mail: threebrothershrrec@gmail.com
श्रम ईजाजत पत्र नं. ७१३/०६४/०६५

"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"

दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमक, झापा
कोशी प्रदेश, नेपाल

नदी/खोलाबाट खोलाजन्य पदार्थ उत्खनन, संकलन तथा विक्री गर्ने कार्यको ठेक्का बन्दोबस्ती सम्बन्धी बोलपत्र आह्वानको सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८१/०८/०४

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ(६) र दफा ६२(क) बमोजिम सूचनामा उल्लेखित पालिकाहरूको चुरे तथा वन क्षेत्र बाहेकका I.E.E. प्रतिवेदनमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् संकलन गरी कोशी प्रदेशको आर्थिक ऐन, २०८१ ले तोकेको दरमा विक्री गर्ने गरी तपसिल बमोजिमको नदि/खोलाबाट तोकिएको परिमाणमा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपसिल बमोजिम शर्तको अधिनमा रही बिधुतीय बोलपत्र पेश गर्नुहुन यो सार्वजनिक सूचना जारी गरिएको छ ।

तपसिल

सि. न.	ठेक्का नं.	बोलपत्रको नाम	उत्खनन् हुने क्षेत्र	उत्खनन् योग्य परिमाण	न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक)	धरौटी रकम	बोलपत्र फारम दस्तुर रु.
१	DMO/JHAPA/RVR/DK-MAWA/12/81/82	मावा खोलाबाट नदीजन्य पदार्थ उत्खनन, संकलन र विक्रीको शूल्क अशुली सम्बन्धि कार्य	**दमक नगरपालिका र उर्लाबारी नगरपालिका**को सिमानामा पर्ने रतुवा खोलाको तोकिएका संयुक्त नाकाबाट बालुवा, ढुङ्गा, गिटी / मिक्स गिटी, पुराइ उत्खनन संकलन तथा बिक्री कार्य सम्बन्धी ।	६४३५० घन मीटर	१,३३,०४,५७३.१०	कबोल गरेको रकमको ५%	३,०००।-

अन्य शर्तहरु तथा विस्तृत जानकारीका लागि www.ppmo.gov.np वा www.damakmun.gov.np वा दमक नगरपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत